# लुम्बिनीमा ९५ हजार परीक्षार्थी सहभागी हुँदै



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ६ चैत ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षा २०८१ बिहीबारबाट सुरु हुँदैछ । बिहीबार बिहान ८ बजेबाट यस वर्षको परीक्षामा लुम्बिनी प्रदेशभर ९४ हजार ९ सय ८ परीक्षार्थी सहभागी हुँदैछन् । परीक्षा व्यवस्थितरूपमा सञ्चालन गर्न ३४८ परीक्षा केन्द्र तोकिएको छ भने ८ हजार ६ सय शिक्षक कर्मचारी परिचालन गरिएको छ ।

शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त महानिर्देशक रेश्मीराज अर्यालकाअनुसार परीक्षाको आवश्यक तयारी सबै पूरा भएकोले परीक्षा बिहान आठ बजेवाट सुरु हुने छ । 'परीक्षा सञ्चालनका लागि गर्नुपर्ने सबै तयारी पुरा भएको छ', उनले भने ,'अब विद्यार्थीहरू परीक्षा केन्द्रमा पुग्न र ढुक्क भएर जाँचमा बस्न मात्रै बाँकी छ ।'

यस वर्ष रुपन्देहीमा सबैभन्दा धेरै २२ हजार ६ सय २३ परीक्षार्थीले परीक्षा दिँदैछन् भने दाङमा १४ हजार दुई सय ५४, कपिलवस्तुमा ९ हजार ४ सय ६१, बाँकेमा १० हजार २ सय ७४ परीक्षार्थी सहभागी हुँदैछन् । त्यस्तै, पाल्पामा ४ हजार ९ सय १०, गुल्मीमा ४ हजार ८ सय ५७, अर्घाखाँचीमा ३ हजार ४ सय ६५, रोल्पामा ४ हजार ७ सय ६५, प्युठानमा ४ हजार ९ सय ४०, बर्दियामा ७ हजार ७ सय ६२, नवलपरासी पश्चिममा ६ हजार ३ सय ९७, रुकुमपूर्वमा १ हजार २ सय परीक्षार्थी सहभागी हुँदैछन् ।

जसमा नियमिततर्फ ७४ हजार ५ सय ९८ परीक्षार्थी छन् भने ग्रेड वृद्धिका लागि २० हजार ३ सय १० परीक्षार्थीले परीक्षा दिँदैछन् । यसैगरी, प्राविधिक धारतर्फ ३ हजार १ सय ७४ विद्यार्थीले परीक्षा दिने भएका छन् ।

परीक्षा निष्पक्ष र मर्यादित बनाउन ८ हजार ६ सय कर्मचारी परिचालन हुँदैछन् । जसमा, केन्द्राध्यक्ष ३ सय ४८ जना, सहायक केन्द्राध्यक्ष ६ सय ३४, निरीक्षक ४ हजार ७ सय ५८, सहायक ९ सय ५८ र कार्यालय सहयोगी १ हजार ९ सय २ जना परिचालन हुँदैछन् । परीक्षा निष्पक्ष बनाउन शिक्षा निर्देशनालयले अनुगमन टोली परिचालन गर्ने जनाएको छ । यता आजबाट सुरु हुने माध्यमिक शिक्षा परिक्षा एसईईमा अर्घाखाँची जिल्लाबाट तीन हजार बढी विद्यार्थी सहभागी हुने भएका छन् । जिल्लाका ६ वटै पालिकाका सामुदायीक ७६ र संस्थागत ८ गरी ८४ विद्यालयका ३ हजार २ सय ८० जना विद्यार्थी एसईई परीक्षामा सहभागी हुन लागेको शिक्षा विकास तथा समन्वय एकाई अर्घाखाँचीका प्रमुख विष्णुप्रसाद बेल्वासेले जानकारी दिएका छन् ।

# सुख्खा मौसम सुरु भएसँगै डढेलोको त्रास

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, ६ चैत ।



सुख्खा मौसम र हावाहुरी सुरुभएसँगै बढ्दो डढेलोको कारण वनजंगल आसपासका स्थानीय त्रसित भएका छन् । जिल्लाको चुरेभेग तथा पूर्व पश्चिम राजमार्ग वरिपरीका जंगलमा भिषण डढेलो लाग्न थालेपछि वन जंगलका आसपास वस्तीका स्थानीय त्रासदीपुर्ण दिन काट्न बाध्य भएका हुन् ।

जिल्लामा रहेका विभिन्न सरकारी, साझेदारी, सामुदायिक वन र सागरनाथ वन विकास परियोजनाको वन क्षेत्रमा पनि बर्षेनी डढेलो लाग्ने गरेको स्थानीय बासिन्दाले बताएका छन् । सुख्खा मौसम सुरु भएसँगै यस वर्षपनि सर्लाहीका वनमा दर्जनौं स्थानमा डढेलो लागिसकेको छ । केही दिनदेखि चुरे क्षेत्र र विभिन्न सामुदायिक वन क्षेत्रमा डढेलो लागिरहेको छ ।

बुधबारपनि मुर्तिया क्षेत्रमा रहेको सागरनाथ वन विकास परियोनाको जंगलमा आगलागी भैरहेको छ भने मंगलवार लालबन्दी सव-डिभिजन वन अन्तर्गत बाहुनी सामुदायिक वनमा भिषण डढेलो लागेको लालबन्दी ११ बाहुनीका स्थानीय सुरेश पौडेलले जानकारी दिएका छन् । वस्ती नजिकै लागेको डढेलो स्थानीय स्रोत साधन प्रयोग गरी नियन्त्रण गरिएको उनले बताए । सम्बन्धित निकायमा जानकारी गराउँदा समेत कतैबाट सहयोग नपाएको उनले गुनासो गरे ।

बसन्त ऋतु सुरुभएसँगै रुख बिरुवाको नयाँ पात आउने र पुराना पात झरेर सुकेको समयमा जंगल क्षेत्रमा डढेलो लाग्ने गरेकको छ । चुरे भेग स्थित लालबन्दी नगरपालिका १४ नारायणखोलाका स्थानीय पुर्णबहादुर लुंगेलीले घर नजिकैको चुरेका जंगलमा बर्षेनी लाग्ने डढेलो कारण फागुनदेखि जेष्ठ चार महिना सम्म त्रासमा बस्नु पर्ने गुनासो गरे । वर्षेनी लाग्ने डढेलोका कारण बन्य जन्तु लोप हुँदै गएको उनले सुनाए । आगलागीकै कारण चुरे क्षेत्रमा दर्जनौं गाउँ डढेलोको जोखिममा छन् । वस्तुभाउ चराउन गएकाचुरोट बिडी खाएर राम्रोसँग ननिभाइकन जथाभावी ठुटा फ्याक्नाले डढेलोको जोखिम बढ्ने स्थानीयहरू बताउँछन् ।

अघिल्ला वर्षहरुमा झैं यस वर्षपनि डढेलो लाग्ने समय भएपनि डढेलो रोकथामका लागि कुनै निकायबाट पहल नभएको लालबन्दी १२ पत्थरकोटका स्थानीय हरी गुर्मछान मगरले गुनासो गरे । गुर्मछानका अनुसार विगतका बर्षहरुमा डढेलोका कारण जंगल नजिक र चुरे क्षेत्रमा बसोवास गर्ने नागरीकले जनधनको क्षती व्यहोर्नु परेको अनुभव सुनाए ।

यता डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख सन्तोष झाले जंगलमा डढेलो लाग्दा मानव वस्ती समेत जोखिममा पर्ने भएकोले सचेत हुनुपर्ने बताए । त्यसकारण स्थानीय बासिन्दा अझ सचेत हुनुपर्ने बताएका छन् । वन तथा बन्यजन्तुलाइ डढेलो बाट जोगाउन वर्षेनी अग्नी नियन्त्रक खटाएर वन समितिका पदाधिकारीहरुलाइ अभिमुखीकरण तालिम समेत प्रदान गर्दै आइरहेको उनले बताए ।

# टेङ्ग्राहामा विद्यालय व्यवस्थापन समिति गठन

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ६ चैत ।



रौतहटको फतुवा विजयपुर नगरपालिका-४ टेङग्राहामा रहेको श्री माध्यमिक विद्यालय टेङग्राहामा व्यवस्थापन समिति गठन भएको छ । बुधबार सम्पन्न अभिभावक भेलाले अभिभावकहरूमध्येबाट ४ जना सदस्य सर्वसम्मत चयन गर्दै समिति गठन गरेको हो । व्यवस्थापन समितिको सदस्यमा कमलेशकुमार यादव, अजय कुमार यादव, बबितादेवी महतो महिला सदस्य र शान्ति देवी पासवान दलित महिला सदस्य चयन भएका छन् ।

यस्तै अब चन्दादाताबाट एक जना र शिक्षाप्रेमी तथा समाजसेवीबाट एक जना सदस्य मनोनित हुनेछन् । त्यस्तै, वडाका प्रतिनिधि सदस्य, विद्यालयका एक जना शिक्षक सदस्य र प्रधानाध्यापक सदस्य सचिवसहित ९ सदस्यीय विद्यालय व्यवस्थापन समिति हुने विद्यालयले जनाएको छ । विद्यालयमा लामो समयदेखि व्यवस्थापन समिति गठन नहुँदा शिक्षक भर्नासहितका काम प्रभावित भएका थिए ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला अन्तर्गतको नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्डघ (६) र बागमति प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ९ (१) र सो सँग सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नमोबुद्ध नगरपालिकाले तोकेको देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका दहत्तर वहत्तरको बिक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात (**e–Bid Document**) ३० औ दिन भित्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

तपशिल

| सि. नं. | कर तथा दस्तुर संकलन क्षेत्र | २०८२ जेष्ठ मसान्त सम्मको लागि | | बोलपत्र फारम दस्तुर रु. | कै. |
|---|---|---|---|---|---|
| | | न्यूनतम ठेक्का (मू.अ. कर बाहेक) | न्यूनतम ठेक्का (मू.अ. कर सहित) | | |
| १. | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगर (चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्ड सम्म) बाट प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्य । | रु. ६४,७३,७१३।०० (अक्षेरुपी चौसठ्ठी लाख त्रिहत्तर हजार सात सय तेह्र मात्र) | रु. ७३,१५,२९६।०० (अक्षेरुपी त्रिहत्तर लाख पन्ध्र हजार दुई सय छयानब्बे मात्र) | रु. ५,०००।०० (अक्षेरुपी पाँच हजार मात्र) | |
| २. | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगर पोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्य । | रु. ६२,२४,७२४।०० (अक्षेरुपी बैसठ्ठी लाख चौबिस हजार सात सय चौबिस मात्र) | रु. ७०,३३,९३८।०० (अक्षेरुपी सत्तरी लाख तेत्तिस हजार नौ सय अठ्तीस मात्र) | रु. ५,०००।०० (अक्षेरुपी पाँच हजार मात्र) | |

नोटः यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाईट **namobuddhamun.gov.np** मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



### इमिरेट्स इन्टरनेसनल ड्राइभिङ ट्रेनिङ सेन्टर प्रा.लि. को
### कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७१/०९/०९ मा दर्ता भएको (प्रा.लि. नं.१३००७६) को इमिरेट्स इन्टरनेसनल ड्राइभिङ ट्रेनिङ सेन्टर प्रा.लि. को संचालकहरुको मिति २०८१/११/२५ गतेमा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसै को कुनै बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरसँग सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**गंगा प्र. भेटवाल**
**दामासायी व्यवसायी**
**ईजाजत नं. ४९८**

**जी स्पेश ल फर्म**
**किर्तीपुर-८, काठमाडौं**
**मोवाईल नं. ९८४९७१४८६७**



## Dordi Rural Municipality
### Office of the Municipal Executive
Nauthar, Lamjung

**Invitation for Bids No: DORDI/NCB/W/03/081/082**

**Date of first publication : 2081/10/24 (7th February 2025)**
**Date of Second publication : 2081/12/7 (20th March 2025)**

1. Dordi Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Temple at Illim Pokhari placed in boarder of Dordi and Dudhpokhari Rural Municipality under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 6181906.18 (Sixty one Lakhs eighty one thousand nine hundred six rupees and eighteen paisa only exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar-Lamjung or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Global IME Bank**
   **Name of Office: Dordi Rural Municipality**
   **(GA .1.1 Aantarik Rajaswo Khata Dordi for bid document fee): 24404010000008**
   **GA.3.1 Dharauti Khata Dordi: - 24404010000002 (For Bid Security)**
   **Office Code No: 11019301**
   **Rajaswo Shirsak no: 14229**
4. Pre-bid ameeting shall be held at documents at the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar, Lamjung at 24-03-2025 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar, Lamjung through PPMO website www.bolpatra.gov.np/egp on before e 04-04-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-04-2025 13:00 at the office of Dordi Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 2,10,000 (0.21 million) which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation



### नबिल बैंक लिमिटेड, कोहलपुर शाखा, बांकेको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१२/०७)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सोको लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण** |
| | कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०१/२६ मा दर्ता नं. २१४७२१/७५/०७६ अन्तर्गत दर्ता भएको **कुष्णसार कन्स्ट्रक्सन प्रा.लि. ।** ठेगानाः वडा नं. ११, कोहलपुर, बाँके |
| | **ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | १. शुराम खड्काको नाति, वहादुर खड्काको छोरा, जाजरकोट जिल्ला सवानाउलि गा.वि.स वडा नं ४ बस्ने, ना.प्र.नं. १२३३ (जारी मितिः २०६३/०६/०४,स्थान जाजरकोट) भएको **कुष्ण वहादुर खड्का ।** २. नर बहादुर कुवरकी छोरी, वहादुर खड्काकी बुहारी, कुष्ण वहादुर खड्काकी श्रीमती, रोल्पा जिल्ला लिवाङ गा.वि.स वडा नं ७ बस्ने, ना.प्र.नं. ५७०६७ (जारी मितिः २०६१/१२/१४, स्थान रोल्पा) भएकी **खिर्मा कुवर ।** |
| | **सवारी साधनको विवरणः** |
| | ऋणी **कुष्णसार कन्स्ट्रक्सन प्रा.लि** र धनी यस बैंक समेत भएको निजि सवारी साधन दर्ता नं. प्रदेश ३-०१-००३ क ४६५३ भएको CAT 320 DC Excavator. |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | शुराम खड्काको नाति, वहादुर खड्काको छोरा, जाजरकोट जिल्ला सवानाउलि गा.वि.स वडा नं ४ बस्ने, ना.प्र.नं. १२३३ (जारी मितिः २०६३/०६/०४,स्थान जाजरकोट) भएको **कुष्ण वहादुर खड्का ।** |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | नर बहादुर कुवरकी छोरी, वहादुर खड्काकी बुहारी, कुष्ण वहादुर खड्काकी श्रीमती, रोल्पा जिल्ला लिवाङ गा.वि.स वडा नं ७ बस्ने, ना.प्र.नं. ५७०६७ (जारी मितिः २०६१/१२/१४, स्थान रोल्पा) भएकी **खिर्मा कुवर ।** |
| | **कुष्णसार कन्स्ट्रक्सन प्रा.लि. र कुष्ण वहादुर खड्काको संयुक्त धितोको विवरण** |
| | धितोमा रहेको घर/जग्गाको विवरणजाजरकोट जिल्ला सवानाउलि गा.वि.स वडा नं ४ बस्ने, **कुष्ण वहादुर खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ३ नक्सा सिट नं. ३क मा अवस्थित कि.नं. ५८४ क्षेत्रफल ०-०-६.२५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१